तारकेश्वर नगरपालिका
तारकेश्वर नगरपालिका
**स्थानीय राजपत्र**

| भाग १ | खण्ड १० | संख्या ५ | मिति: २०८३/०३/२२ |
|---|---|---|---|

*नगर कार्यपालिकाबाट स्वीकृत मिति : २०८३/०३/०४*

*प्रमाणिकरण मिति २०८३/०३/१८*

# तारकेश्वर नगरपालिका बालमैत्री आचारसंहिता, २०८३

बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन तथा प्रभावकारी कार्यान्वयन गर्दै बाल बचाउ, बाल संरक्षण, बाल विकास र अर्थपूर्ण बाल सहभागिता सुनिश्चित गर्न, बालबालिकामाथि हुने हिंसा, दुर्व्यवहार, शोषण, बालश्रम, बालविवाह तथा सबै प्रकारका विभेदको अन्त्य गर्न, परिवार, विद्यालय, समुदाय, स्वास्थ्य संस्था, सुरक्षा निकाय, वडा कार्यालय, नगरपालिका, निजी क्षेत्र, गैरसरकारी संस्था, राजनीतिक दल, सञ्चार क्षेत्र तथा स्वयं बालबालिकाको जिम्मेवारी स्पष्ट गर्न तथा तारकेश्वर नगरपालिकालाई बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका बनाउन आवश्यक भएकोले नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, बालबालिकासम्बन्धी ऐन, २०७५, बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ तथा प्रचलित अन्य कानूनको अधीनमा रही तारकेश्वर नगरपालिकाले यो बालमैत्री आचारसंहिता, २०८३ जारी गरेको छ।

## परिच्छेद–१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस आचारसंहिताको नाम "तारकेश्वर नगरपालिका बालमैत्री आचारसंहिता, २०८३" रहेको छ।

(२) यो आचारसंहिता नगर राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ।

**२. लागू हुने क्षेत्रः**

यो आचारसंहिता तारकेश्वर नगरपालिका क्षेत्रभित्र रहेका तथा कार्यरत बालबालिका, अभिभावक, विद्यालय, शिक्षक, विद्यालय व्यवस्थापन समिति, स्वास्थ्य संस्था, महिला स्वास्थ्य स्वयंसेविका, प्रहरी तथा सुरक्षा निकाय, वडा कार्यालय, जनप्रतिनिधि, टोल विकास संस्था, निजी क्षेत्र, व्यवसायी, राजनीतिक दल, गैरसरकारी संस्था, बाल क्लब, बाल सञ्जाल, सञ्चारकर्मी, नागरिक समाज तथा नगरपालिकाका सम्बन्धित निकायमा लागू हुनेछ ।

**३. परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आचारसंहितामा,–

(क) "बालबालिका" भन्नाले प्रचलित कानूनबमोजिम अठार वर्ष उमेर पूरा नगरेको व्यक्ति सम्झनुपर्छ ।

(ख) "बालमैत्री" भन्नाले बालबालिकाको सर्वोत्तम हित, गैरभेदभाव, सर्वाङ्गीण विकास, बाल संरक्षण तथा अर्थपूर्ण सहभागिता सुनिश्चित हुने वातावरण सम्झनुपर्छ ।

(ग) "नगरपालिका" भन्नाले तारकेश्वर नगरपालिका सम्झनुपर्छ ।

(घ) "अभिभावक" भन्नाले बालबालिकाको बाबु, आमा, कानूनी संरक्षक वा बालबालिकाको पालनपोषण तथा संरक्षणको जिम्मेवारी लिएको व्यक्ति सम्झनुपर्छ ।

(ङ) "बाल क्लब" भन्नाले प्रचलित कानून तथा नगरपालिकाको मापदण्डबमोजिम गठन भएको बालबालिकाको समूह सम्झनुपर्छ ।

(च) "बाल सञ्जाल" भन्नाले बाल क्लब तथा बाल प्रतिनिधिहरूको समन्वय, सहकार्य र सहभागिताका लागि गठन भएको सञ्जाल सम्झनुपर्छ ।

(छ) "बाल संरक्षण" भन्नाले बालबालिकालाई हिंसा, दुर्व्यवहार, शोषण, बालश्रम, बालविवाह, बेचबिखन, अपहरण तथा अन्य जोखिमबाट संरक्षण गर्ने कार्य सम्झनुपर्छ ।

**४. आचारसंहिताका निर्देशक सिद्धान्त**

यस आचारसंहिताको कार्यान्वयन गर्दा देहायका सिद्धान्तलाई आधार मान्नुपर्नेछः–

(क) बालबालिकाको सर्वोत्तम हित,

(ख) गैरभेदभाव,

(ग) बालबालिकाको जीवन, बचाउ तथा विकास,

(घ) बालबालिकाको अर्थपूर्ण सहभागिता,

(ङ) बाल संरक्षण,

(च) समानता तथा समावेशिता,

(छ) बालमैत्री, सुरक्षित तथा भयरहित वातावरण,

(ज) बालबालिकाको विचार तथा भावनाको सम्मान।

## परिच्छेद–२

## अभिभावकले पालना गर्नुपर्ने आचारसंहिता

**५. अभिभावकको दायित्व**

प्रत्येक अभिभावकले बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिई देहायबमोजिमको आचारसंहिता पालना गर्नुपर्नेछः–

(क) बालबालिकाको जन्म भएको पैंतीस दिनभित्र जन्मदर्ता गराउनुपर्नेछ तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गराउनुपर्नेछ।

(ख) विद्यालय उमेर पुगेका सबै बालबालिकालाई विद्यालयमा भर्ना गराई नियमित विद्यालय पठाउनुपर्नेछ।

(ग) बालबालिकाका लागि आवश्यक विद्यालय पोशाक, शैक्षिक सामग्री तथा सिकाइ सहयोग उपलब्ध गराउनुपर्नेछ।

(घ) बालबालिकाको नियमित विद्यालय उपस्थिति सुनिश्चित गर्नुपर्नेछ तथा विद्यालयसँग आवश्यक समन्वय गर्नुपर्नेछ।

(ङ) बालबालिकालाई पढ्ने, लेख्ने, खेल्ने, आराम गर्ने, सुत्ने तथा मनोरञ्जन गर्ने उपयुक्त वातावरण उपलब्ध गराउनुपर्नेछ।

(च) बालबालिकालाई कुनै पनि प्रकारको बालश्रम, जोखिमयुक्त काम वा आम्दानीमुखी गतिविधिमा संलग्न गराउन हुनेछैन।

(छ) बालविवाह गर्न, गराउन, सहयोग गर्न वा समर्थन गर्न हुनेछैन।

(ज) बालबालिकामाथि शारीरिक सजाय, मानसिक यातना, अपमानजनक व्यवहार, हिंसा, दुर्व्यवहार वा शोषण गर्न हुनेछैन।

(झ) बालबालिकाको विचार, भावना, रुचि तथा क्षमताको सम्मान गर्दै उमेर र क्षमताअनुसार घरायसी निर्णय प्रक्रियामा सहभागी गराउनुपर्नेछ।

(ञ) बालबालिकाले आफ्ना विचार, समस्या तथा जिज्ञासा निर्धक्क रूपमा व्यक्त गर्न सक्ने वातावरण सिर्जना गर्नुपर्नेछ ।

(ट) बालबालिकालाई मदिरा, सूर्तिजन्य पदार्थ, लागूपदार्थ तथा अन्य कुलतबाट टाढा राख्नुपर्नेछ ।

(ठ) बालबालिकाको नियमित खोप, पोषण, वृद्धि अनुगमन तथा स्वास्थ्य परीक्षण सुनिश्चित गर्नुपर्नेछ ।

(ड) नवजात शिशुलाई छ महिनासम्म केवल स्तनपान गराउनुपर्नेछ तथा दुई वर्षसम्म निरन्तर स्तनपान गराउने अभ्यासलाई प्रोत्साहन गर्नुपर्नेछ ।

(ढ) बालबालिकाको व्यक्तिगत सरसफाइ, स्वच्छता तथा स्वस्थ जीवनशैली कायम गर्न प्रेरित गर्नुपर्नेछ ।

(ण) घरमा सुरक्षित खानेपानी, सरसफाइयुक्त शौचालय तथा बालमैत्री वातावरण कायम गर्नुपर्नेछ ।

(त) अपाङ्गता भएका, टुहुरा, जोखिममा रहेका तथा विशेष संरक्षण आवश्यक भएका बालबालिकालाई प्राथमिकता तथा आवश्यक सहयोग उपलब्ध गराउनुपर्नेछ ।

(थ) बालबालिकालाई इन्टरनेट, मोबाइल तथा सामाजिक सञ्जालको सुरक्षित र जिम्मेवार प्रयोगसम्बन्धी सचेतना दिनुपर्नेछ ।

(द) बालबालिका जोखिममा परेको, हराएको, हिंसा वा दुर्व्यवहारमा परेको जानकारी प्राप्त भएमा सम्बन्धित निकायलाई तत्काल जानकारी दिनुपर्नेछ ।

(ध) बाल क्लब, बालसभा, अतिरिक्त क्रियाकलाप तथा बालबालिकासम्बन्धी कार्यक्रममा बालबालिकाको सहभागिता सुनिश्चित गर्नुपर्नेछ ।

(न) बालमैत्री स्थानीय शासनका कार्यक्रम तथा अभियानमा सहयोग गरी घरपरिवारबाटै बालअधिकार सम्मान गर्ने संस्कारको विकास गर्नुपर्नेछ ।

## परिच्छेद–३

## बालबालिकाले पालना गर्नुपर्ने आचारसंहिता

### ६. बालबालिकाको दायित्व

बालबालिकाले आफ्नो अधिकारको प्रयोग गर्दा अन्य व्यक्तिको अधिकारको सम्मान गर्दै देहायका आचारसंहिता पालना गर्नुपर्नेछः–

(क) नियमित रूपमा विद्यालय जानुपर्नेछ तथा अध्ययनमा सक्रिय सहभागिता जनाउनुपर्नेछ।

(ख) विद्यालय तथा समुदायका नियम, अनुशासन र मर्यादाको पालना गर्नुपर्नेछ।

(ग) धुम्रपान, सूर्तिजन्य पदार्थ, मदिरा, लागूपदार्थ तथा अन्य कुलतबाट टाढा रहनुपर्नेछ।

(घ) बालविवाह गर्न, गराउन, समर्थन वा प्रोत्साहन गर्न हुनेछैन।

(ङ) बालविवाह, बालश्रम, हिंसा, दुर्व्यवहार तथा शोषणसम्बन्धी जानकारी प्राप्त भएमा अभिभावक, शिक्षक वा सम्बन्धित निकायलाई जानकारी दिनुपर्नेछ।

(च) बाल क्लब, बालसभा तथा समुदायमा सञ्चालन हुने बालमैत्री कार्यक्रममा सक्रिय सहभागिता जनाउनुपर्नेछ।

(छ) सबै बालबालिकासँग सम्मानजनक, समान तथा भेदभावरहित व्यवहार गर्नुपर्नेछ।

(ज) झगडा, हिंसा, भेदभाव तथा दुर्व्यवहारजन्य व्यवहार गर्न हुनेछैन।

(झ) सामाजिक सञ्जाल तथा इन्टरनेटको सुरक्षित, जिम्मेवार तथा मर्यादित प्रयोग गर्नुपर्नेछ।

(ञ) अपरिचित व्यक्तिको ललाई–फकाई, प्रलोभन वा जोखिमपूर्ण व्यवहारबाट जोगिनुपर्नेछ।

(ट) पोषणयुक्त खाना खाने, नियमित व्यायाम गर्ने तथा स्वस्थ जीवनशैली अपनाउनुपर्नेछ।

(ठ) व्यक्तिगत सरसफाइ तथा स्वच्छता कायम गर्नुपर्नेछ।

(ड) वातावरण संरक्षण, सरसफाइ तथा विपद् सचेतना अभियानमा सहभागी हुनुपर्नेछ।

(ढ) विपन्न, अपाङ्गता भएका तथा जोखिममा रहेका बालबालिकाप्रति सम्मानजनक र सहयोगी व्यवहार गर्नुपर्नेछ।

(ण) आफ्ना अधिकार प्रयोग गर्दा अन्य बालबालिका तथा व्यक्तिको अधिकारको सम्मान गर्नुपर्नेछ।

## परिच्छेद–४

## विद्यालय तथा शिक्षकको आचारसंहिता

### ७. विद्यालय तथा शिक्षकको दायित्व

विद्यालय तथा शिक्षकले बालबालिकाको शिक्षा, संरक्षण, विकास तथा सहभागिता सुनिश्चित गर्न देहायबमोजिमको आचारसंहिता पालना गर्नुपर्नेछः–

(क) कुनै पनि बालबालिका विद्यालय बाहिर नरहने व्यवस्था मिलाउनुपर्नेछ।

(ख) शतप्रतिशत भर्ना तथा विद्यार्थीको नियमित उपस्थिति सुनिश्चित गर्न आवश्यक कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

(ग) विद्यार्थीको विद्यालय टिकाउदर वृद्धि गर्न विशेष पहल गर्नुपर्नेछ ।

(घ) बाल संरक्षण नीति निर्माण गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्नेछ ।

(ङ) बालबालिकामाथि शारीरिक सजाय, मानसिक यातना, हिंसा, दुर्व्यवहार तथा शोषण गर्न हुनेछैन ।

(च) बालमैत्री, सहभागितामूलक, समावेशी तथा सकारात्मक शिक्षण पद्धति अवलम्बन गर्नुपर्नेछ ।

(छ) बाल क्लब गठन, बैठक तथा परिचालनमा सहयोग गर्नुपर्नेछ ।

(ज) विद्यालयका नीति, योजना तथा कार्यक्रम निर्माण र कार्यान्वयनमा बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नुपर्नेछ ।

(झ) छात्र तथा छात्राका लागि छुट्टाछुट्टै सुरक्षित तथा बालमैत्री शौचालय र सुरक्षित खानेपानीको व्यवस्था गर्नुपर्नेछ ।

(ञ) छात्रा शौचालयमा सेनेटरी प्याड तथा सुरक्षित विसर्जनको व्यवस्था गर्नुपर्नेछ ।

(ट) विद्यालय परिसर सफा, हरियालीयुक्त, सुरक्षित तथा बालमैत्री बनाउनुपर्नेछ ।

(ठ) अपाङ्गता भएका बालबालिकाका लागि र्याम्प लगायत आवश्यक पहुँचयुक्त संरचना निर्माण गर्नुपर्नेछ ।

(ड) नियमित अतिरिक्त क्रियाकलाप, खेलकुद तथा सिर्जनात्मक कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

(ढ) बालअधिकार, बाल संरक्षण, बालविवाह, बालश्रम, हिंसा, दुर्व्यवहार, लागूपदार्थ तथा अनलाइन सुरक्षासम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

(ण) विद्यालयमा फोहोर व्यवस्थापन तथा सरसफाइको प्रभावकारी प्रणाली लागू गर्नुपर्नेछ ।

(त) बालअधिकारसम्बन्धी दिवस तथा अभियानहरू नियमित रूपमा सञ्चालन गर्नुपर्नेछ ।

(थ) जोखिममा रहेका बालबालिकाको पहिचान गरी आवश्यक संरक्षण, परामर्श तथा सम्बन्धित निकायसँग समन्वय गर्नुपर्नेछ ।

(द) विद्यालय तथा बालमैत्री गतिविधिको अभिलेख व्यवस्थित राखी सम्बन्धित वडा कार्यालयमा आवश्यक विवरण उपलब्ध गराउनुपर्नेछ ।

## परिच्छेद–५

## विद्यालय व्यवस्थापन समितिको आचारसंहिता

### ८. विद्यालय व्यवस्थापन समितिको दायित्व

विद्यालय व्यवस्थापन समितिले देहायका आचारसंहिता पालना गर्नुपर्नेछः–

(क) विद्यालयको अल्पकालीन तथा दीर्घकालीन उद्देश्य निर्धारण गरी विद्यालय सुधार योजना निर्माण तथा कार्यान्वयन गर्नुपर्नेछ।

(ख) विद्यालय सुधार योजनामा बालमैत्री सूचक समावेश गर्नुपर्नेछ।

(ग) समितिको नियमित बैठक सञ्चालन गरी निर्णय कार्यान्वयन तथा अनुगमन गर्नुपर्नेछ।

(घ) विद्यालयका शैक्षिक तथा व्यवस्थापकीय क्रियाकलापको नियमित अनुगमन तथा निरीक्षण गर्नुपर्नेछ।

(ङ) प्रधानाध्यापक तथा शिक्षकलाई आवश्यक सुझाव तथा निर्देशन दिनुपर्नेछ।

(च) विद्यालयका समस्या छलफल तथा समन्वयबाट समाधान गर्नुपर्नेछ।

(छ) आवश्यक स्रोत जुटाई खर्च व्यवस्थापन गर्नुपर्नेछ तथा लेखापरीक्षण गराई वित्तीय पारदर्शिता कायम गर्नुपर्नेछ।

(ज) बालबालिकालाई शारीरिक सजाय नदिई सकारात्मक तथा सुधारात्मक उपाय अपनाउने व्यवस्था गर्नुपर्नेछ।

(झ) शिक्षक, अभिभावक, सरकारी तथा गैरसरकारी संस्था, बाल क्लब तथा अन्य सरोकारवालासँग अन्तरक्रिया गर्नुपर्नेछ।

(ञ) विद्यालयको भौतिक पूर्वाधार बालमैत्री, अपाङ्गतामैत्री तथा सुरक्षित बनाउन पहल गर्नुपर्नेछ।

(ट) विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालयमा ल्याउन घरदैलो तथा पुनःभर्ना अभियान सञ्चालन गर्नुपर्नेछ।

(ठ) आर्थिक रूपमा विपन्न बालबालिकाका लागि छात्रवृत्ति तथा आवश्यक सहयोगको व्यवस्था गर्न पहल गर्नुपर्नेछ।

(ड) अभिभावक सचेतना कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

(ढ) बाल क्लब गठन तथा परिचालनमा सहयोग गर्नुपर्नेछ।

(ण) व्यवस्थापन समिति, शिक्षक, अभिभावक तथा अन्य सरोकारवालाबीच नियमित संयुक्त बैठक तथा अन्तरक्रिया गर्नुपर्नेछ।

(त) विद्यालयलाई बालमैत्री, भयरहित तथा सुरक्षित सिकाइ वातावरणका रूपमा विकास गर्नुपर्नेछ।

(थ) शिक्षकलाई आवश्यक क्षमता विकास तथा तालिममा सहभागी हुन प्रोत्साहित गर्नुपर्नेछ।

(द) विद्यालयको गुणात्मक शैक्षिक विकास तथा तहगत स्तरोन्नतिका लागि पहल गर्नुपर्नेछ।

(ध) विद्यालयमा दक्ष तथा योग्य शिक्षकको व्यवस्थापनका लागि सम्बन्धित निकायसँग समन्वय गर्नुपर्नेछ।

(न) विद्यालयलाई राजनीतिक, धार्मिक, साम्प्रदायिक तथा अन्य अनुचित प्रभावबाट मुक्त राखी शान्ति क्षेत्रका रूपमा विकास गर्नुपर्नेछ।

## परिच्छेद–६

## स्वास्थ्य संस्था तथा महिला स्वास्थ्य स्वयंसेविकाको आचारसंहिता

**९. स्वास्थ्य संस्था तथा महिला स्वास्थ्य स्वयंसेविकाको दायित्व**

स्वास्थ्य संस्था तथा महिला स्वास्थ्य स्वयंसेविकाले देहायका आचारसंहिता पालना गर्नुपर्नेछः–

(क) बालबालिकालाई भेदभावरहित, सुरक्षित तथा बालमैत्री स्वास्थ्य सेवा प्रदान गर्नुपर्नेछ।

(ख) बालबालिकालाई नियमित खोप तथा आवश्यक स्वास्थ्य सेवा उपलब्ध गराउनुपर्नेछ।

(ग) गर्भवती महिलाको नियमित स्वास्थ्य परीक्षण तथा सुरक्षित र संस्थागत सुत्केरीका लागि आवश्यक सहजीकरण गर्नुपर्नेछ।

(घ) जन्मपश्चात बालबालिकाको स्वास्थ्य परीक्षण तथा जन्मदर्ताका लागि आवश्यक सहजीकरण गर्नुपर्नेछ।

(ङ) स्तनपान, पोषण तथा बालबालिकाको वृद्धि र विकास अनुगमनलाई प्राथमिकता दिनुपर्नेछ।

(च) किशोरकिशोरीमैत्री स्वास्थ्य सेवा तथा स्वास्थ्य शिक्षा उपलब्ध गराउनुपर्नेछ।

(छ) पोषण, सरसफाइ, खोप, सुरक्षित मातृत्व तथा स्वस्थ जीवनशैलीसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

(ज) जोखिममा रहेका बालबालिकाको पहिचान गरी आवश्यक सेवा तथा संरक्षणमा पहुँच सुनिश्चित गर्नुपर्नेछ ।

(झ) बाल संरक्षणसम्बन्धी घटना जानकारीमा आएमा सम्बन्धित निकायलाई तत्काल जानकारी दिनुपर्नेछ ।

(ञ) स्वास्थ्यसम्बन्धी व्यक्तिगत तथा संवेदनशील विवरणको गोपनीयता कायम गर्नुपर्नेछ ।

(ट) आवश्यकतानुसार घरभेट तथा समुदायस्तरीय स्वास्थ्य सचेतना कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

(ठ) बालमैत्री स्थानीय शासनका स्वास्थ्यसम्बन्धी सूचक पूरा गर्न तोकिएको जिम्मेवारी प्रभावकारी रूपमा निर्वाह गर्नुपर्नेछ ।

## परिच्छेद–७

## प्रहरी तथा सुरक्षा निकायको आचारसंहिता

### १०. प्रहरी तथा सुरक्षा निकायको दायित्व

प्रहरी तथा सुरक्षा निकायले देहायबमोजिम कार्य गर्नुपर्नेछः–

(क) बाल संरक्षणसम्बन्धी घटनामा बालअधिकार तथा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनुपर्नेछ ।

(ख) बालबालिकासँग सम्मानजनक, संवेदनशील तथा बालमैत्री व्यवहार गर्नुपर्नेछ ।

(ग) बालविवाह, बालश्रम, बाल हिंसा, यौन दुर्व्यवहार, शोषण तथा अन्य जोखिमबाट बालबालिकालाई संरक्षण गर्न आवश्यक कानूनी तथा सुरक्षा उपाय अवलम्बन गर्नुपर्नेछ ।

(घ) बाल संरक्षणसम्बन्धी उजुरी तथा घटनामा प्रचलित कानूनबमोजिम आवश्यक प्रक्रिया तत्काल अघि बढाउनुपर्नेछ ।

(ङ) पीडित बालबालिकाको व्यक्तिगत विवरण तथा पहिचानको गोपनीयता कायम गर्नुपर्नेछ ।

(च) जोखिममा रहेका वा बेवारिसे बालबालिकाको उद्धार तथा संरक्षणमा सम्बन्धित निकायसँग समन्वय गर्नुपर्नेछ ।

(छ) लागूपदार्थ, कुलत, बालविवाह तथा अन्य जोखिमपूर्ण गतिविधिबाट बालबालिकालाई जोगाउन सचेतना कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

(ज) अनलाइन सुरक्षा, साइबर अपराध तथा डिजिटल जोखिमसम्बन्धी सचेतना दिनुपर्नेछ ।

(झ) विद्यालय तथा विद्यालय आसपासको क्षेत्रलाई सुरक्षित बनाउन आवश्यक निगरानी तथा समन्वय गर्नुपर्नेछ ।

(ञ) विपद् तथा आपत्कालीन अवस्थामा बालबालिकाको सुरक्षालाई प्राथमिकता दिनुपर्नेछ ।

## परिच्छेद–८

## वडा कार्यालय तथा जनप्रतिनिधिको आचारसंहिता

### ११. वडा कार्यालय तथा जनप्रतिनिधिको दायित्व

वडा कार्यालय तथा जनप्रतिनिधिले देहायका कार्य गर्नुपर्नेछः–

(क) बालअधिकार संरक्षणलाई वडाको प्राथमिक दायित्वका रूपमा कार्यान्वयन गर्नुपर्नेछ ।

(ख) वडा बाल अधिकार समिति तथा बाल संरक्षणसम्बन्धी संरचनालाई सक्रिय राख्नुपर्नेछ ।

(ग) बालमैत्री सम्पर्क व्यक्ति तोकी आवश्यक सेवा तथा सहजीकरणको व्यवस्था गर्नुपर्नेछ ।

(घ) वडास्तरीय बालबालिकासम्बन्धी तथ्याङ्क अद्यावधिक राख्नुपर्नेछ ।

(ङ) शतप्रतिशत जन्मदर्ता तथा विद्यालय भर्नाका लागि आवश्यक सहजीकरण गर्नुपर्नेछ ।

(च) बालविवाह, बालश्रम तथा बाल हिंसा रोकथामका कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

(छ) वडा योजना तथा बजेट तर्जुमा प्रक्रियामा बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नुपर्नेछ ।

(ज) वार्षिक बजेट तथा कार्यक्रममा बालमैत्री कार्यक्रम समावेश गर्नुपर्नेछ ।

(झ) विद्यालय, स्वास्थ्य संस्था, प्रहरी, टोल विकास संस्था तथा अन्य सरोकारवालासँग समन्वय गर्नुपर्नेछ ।

(ञ) बाल क्लब तथा बाल सञ्जाल गठन, परिचालन तथा सञ्जालीकरणमा सहयोग गर्नुपर्नेछ ।

(ट) बालबालिकाको विचार तथा सुझावलाई स्थानीय निर्णय प्रक्रियामा उचित स्थान दिनुपर्नेछ ।

(ठ) बालमैत्री तथा अपाङ्गतामैत्री सार्वजनिक पूर्वाधार निर्माणका लागि पहल गर्नुपर्नेछ ।

(ड) बाल संरक्षणसम्बन्धी उजुरी तथा घटनामा आवश्यक सहजीकरण गर्नुपर्नेछ ।

(ढ) बालसम्बन्धी अभिलेख, प्रमाण तथा प्रतिवेदन सुरक्षित राख्नुपर्नेछ ।

## परिच्छेद–९

## टोल विकास संस्थाको आचारसंहिता

### १२. टोल विकास संस्थाको दायित्व

टोल विकास संस्थाले आफ्नो क्षेत्रभित्र देहायका कार्य गर्नुपर्नेछः–

(क) आफ्नो टोलमा रहेका बालबालिकाको अवस्था तथा आवश्यक तथ्याङ्क पहिचान र अद्यावधिक गर्न सहयोग गर्नुपर्नेछ।

(ख) बालबालिकाको जन्मदर्ता भए/नभएको यकिन गरी आवश्यक सहजीकरण गर्नुपर्नेछ।

(ग) विद्यालय उमेरका बालबालिकाको विद्यालय भर्ना तथा नियमित उपस्थितिका लागि अभिभावकलाई प्रेरित गर्नुपर्नेछ।

(घ) बालविवाह, बालश्रम, बाल हिंसा, दुर्व्यवहार तथा अन्य जोखिमका घटना भएमा वडा तथा सम्बन्धित निकायलाई तत्काल जानकारी दिनुपर्नेछ।

(ङ) बालबालिकाको स्वास्थ्य, शिक्षा, पोषण, संरक्षण तथा सहभागितासम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

(च) टोलस्तरको योजना तर्जुमा गर्दा बालबालिकासम्बन्धी विषय समावेश गर्नुपर्नेछ।

(छ) बाल संरक्षणको स्थानीय संयन्त्रका रूपमा आवश्यक सहयोगी भूमिका निर्वाह गर्नुपर्नेछ।

(ज) सार्वजनिक स्थल तथा समुदायलाई बालमैत्री र सुरक्षित बनाउन पहल गर्नुपर्नेछ।

(झ) विपद् तथा आपत्कालीन अवस्थामा बालबालिकाको सुरक्षा सुनिश्चित गर्न सहयोग गर्नुपर्नेछ।

(ञ) बालअधिकारसम्बन्धी सूचना तथा सन्देश समुदायमा प्रवाह गर्नुपर्नेछ।

## परिच्छेद–१०

## निजी क्षेत्र तथा व्यवसायीको आचारसंहिता

### १३. निजी क्षेत्र तथा व्यवसायीको दायित्व

निजी क्षेत्र तथा व्यवसायीले देहायका आचारसंहिता पालना गर्नुपर्नेछः–

(क) बालबालिकालाई सूर्तिजन्य, मदिराजन्य, लागूपदार्थ तथा प्रचलित कानूनले निषेध गरेका सामग्री बिक्री–वितरण गर्न हुनेछैन।

(ख) बालबालिकालाई बालश्रममा संलग्न गराउन हुनेछैन।

(ग) बालबालिकालाई जोखिमयुक्त वा स्वास्थ्यमा प्रतिकूल असर पर्ने काममा संलग्न गराउन हुनेछैन ।

(घ) बालबालिकामाथि हिंसा, दुर्व्यवहार, शोषण वा हानी हुने कार्य गर्न हुनेछैन ।

(ङ) बालमैत्री तथा अपाङ्गतामैत्री पहुँच र सुरक्षित वातावरण कायम गर्न पहल गर्नुपर्नेछ ।

(च) बालबालिकासम्बन्धी जोखिम वा दुर्व्यवहारको जानकारी प्राप्त भएमा सम्बन्धित निकायलाई जानकारी दिनुपर्नेछ ।

(छ) बालमैत्री सूचना तथा सचेतनामूलक सामग्रीको प्रचारप्रसारमा सहयोग गर्नुपर्नेछ ।

(ज) बालमैत्री स्थानीय शासनका कार्यक्रम तथा अभियानमा सामाजिक उत्तरदायित्वअन्तर्गत सहयोग गर्नुपर्नेछ ।

## परिच्छेद–११

## राजनीतिक दल तथा गैरसरकारी संस्थाको आचारसंहिता

**१४. राजनीतिक दल तथा गैरसरकारी संस्थाको दायित्व**

राजनीतिक दल तथा गैरसरकारी संस्थाले बालबालिकाको सर्वोत्तम हितलाई ध्यानमा राखीदेहायका आचारसंहिता पालना गर्नुपर्नेछः–

(क) बालबालिकासम्बन्धी कार्यक्रम सञ्चालन गर्दा बालबालिकाको सर्वोत्तम हित र अर्थपूर्ण सहभागितालाई प्राथमिकता दिनुपर्नेछ ।

(ख) बालबालिकालाई राजनीतिक र्‍याली, जुलुस, प्रदर्शन, प्रचारप्रसार वा अन्य राजनीतिक गतिविधिमा संलग्न गराउन हुनेछैन ।

(ग) बालबालिकालाई कुनै पनि राजनीतिक प्रयोजनका लागि प्रयोग गर्न हुनेछैन ।

(घ) नगरपालिकासँग समन्वय गरी बालबालिकासम्बन्धी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

(ङ) बाल संरक्षणसम्बन्धी प्रचलित कानून, नीति तथा मापदण्डको पालना गर्नुपर्नेछ ।

(च) बालविवाह, बालश्रम, बाल हिंसा, लैङ्गिक हिंसा तथा अन्य जोखिमविरुद्ध सचेतनामूलक अभियान सञ्चालन गर्नुपर्नेछ ।

(छ) जोखिममा रहेका तथा विशेष संरक्षण आवश्यक भएका बालबालिकाको संरक्षण तथा पुनःस्थापनामा सहयोग गर्नुपर्नेछ ।

(ज) विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालयमा ल्याउने अभियानमा सहयोग गर्नुपर्नेछ।

(झ) विपद् तथा आपत्कालीन अवस्थामा बाल संरक्षण तथा राहत कार्यमा सहयोग गर्नुपर्नेछ।

(ञ) बालबालिकासम्बन्धी व्यक्तिगत तथा संवेदनशील विवरणको गोपनीयता कायम गर्नुपर्नेछ।

(ट) नगरपालिकाको समन्वय तथा एकद्वार प्रणालीलाई सम्मान गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

(ठ) बालमैत्री स्थानीय शासनका सूचक तथा लक्ष्य प्राप्तिमा सहयोग गर्नुपर्नेछ।

## परिच्छेद–१२

## बाल क्लब तथा बाल सञ्जालको आचारसंहिता

### १५. बाल क्लब तथा बाल सञ्जालको दायित्व

बाल क्लब तथा बाल सञ्जालले देहायका आचारसंहिता पालना गर्नुपर्नेछः–

(क) नियमित बैठक तथा छलफल सञ्चालन गर्नुपर्नेछ।

(ख) बालअधिकार, बाल संरक्षण तथा बालमैत्री स्थानीय शासनसम्बन्धी सचेतना फैलाउनुपर्नेछ।

(ग) बालविवाह, बालश्रम, हिंसा, दुर्व्यवहार तथा भेदभावविरुद्ध आवाज उठाउनुपर्नेछ।

(घ) सबै बालबालिकासँग समान तथा सम्मानजनक व्यवहार गर्नुपर्नेछ।

(ङ) स्थानीय योजना, कार्यक्रम तथा निर्णय प्रक्रियामा अर्थपूर्ण बाल सहभागिताका लागि पहल गर्नुपर्नेछ।

(च) जोखिममा रहेका बालबालिकालाई सम्बन्धित सेवा तथा संरक्षणमा पहुँचका लागि सहयोग गर्नुपर्नेछ।

(छ) लागूपदार्थ, मदिरा, सूर्तिजन्य पदार्थ तथा अन्य कुलतबाट टाढा रहनुपर्नेछ।

(ज) इन्टरनेट तथा सामाजिक सञ्जालको सुरक्षित र जिम्मेवार प्रयोग गर्नुपर्नेछ।

(झ) अतिरिक्त क्रियाकलाप, खेलकुद तथा सिर्जनात्मक गतिविधिमा सहभागी हुनुपर्नेछ।

(ञ) सरसफाइ, वातावरण संरक्षण तथा विपद् सचेतना अभियानमा सहभागी हुनुपर्नेछ।

(ट) विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालयमा फर्काउन सहयोग गर्नुपर्नेछ।

(ठ) बालबालिकाको व्यक्तिगत तथा संवेदनशील सूचना गोप्य राख्नुपर्नेछ।

(ङ) हिंसात्मक तथा जोखिमपूर्ण गतिविधिमा संलग्न हुन हुनेछैन ।

(ढ) बालसभा तथा बाल सञ्जालका गतिविधिमा सक्रिय सहभागिता जनाउनुपर्नेछ ।

## परिच्छेद–१३

## सञ्चारकर्मी तथा नागरिक समाजको आचारसंहिता

### १६. सञ्चारकर्मी तथा नागरिक समाजको दायित्व

सञ्चारकर्मी तथा नागरिक समाजले बालबालिका सम्बन्धी विषयमा देहायका आचारसंहिता पालना गर्नुपर्नेछः–

(क) बालअधिकारको सम्मान गर्दै बालबालिकासम्बन्धी समाचार तथा सूचना सम्प्रेषण गर्नुपर्नेछ ।

(ख) बाल पीडित वा प्रभावित बालबालिकाको पहिचान खुल्ने सामग्री प्रचलित कानूनविपरीत प्रकाशन वा प्रसारण गर्न हुनेछैन ।

(ग) बालविवाह, बालश्रम, बाल हिंसा, दुर्व्यवहार तथा शोषणविरुद्ध जनचेतना फैलाउनुपर्नेछ ।

(घ) बालबालिकाका सकारात्मक अभ्यास, उपलब्धि तथा सिर्जनात्मक गतिविधिको प्रचारप्रसार गर्नुपर्नेछ ।

(ङ) बालबालिकाको आवाज तथा दृष्टिकोणलाई उचित स्थान दिनुपर्नेछ ।

(च) गलत, भ्रामक वा बालबालिकाको हितमा प्रतिकूल असर पार्ने सूचना सम्प्रेषण गर्न हुनेछैन ।

(छ) बालबालिकासम्बन्धी व्यक्तिगत तथा संवेदनशील विवरणको गोपनीयता कायम गर्नुपर्नेछ ।

(ज) बालमैत्री सेवा, पूर्वाधार तथा स्थानीय शासनको अवस्थाबारे रचनात्मक निगरानी तथा सार्वजनिक जानकारी प्रवाह गर्नुपर्नेछ ।

(झ) बालअधिकारसम्बन्धी सकारात्मक व्यवहार परिवर्तनमा सहयोग गर्नुपर्नेछ ।

(ञ) बालमैत्री स्थानीय शासनको दिगोपनाका लागि आवश्यक सहयोग तथा सहकार्य गर्नुपर्नेछ ।

## परिच्छेद–१४

## नगरपालिकाको संस्थागत आचारसंहिता

### १७. नगरपालिकाको दायित्व

नगरपालिकाले बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकतामा राखी देहायका कार्य गर्नुपर्नेछः–

(क) बालमैत्री स्थानीय शासनका सूचक तथा मापदण्डलाई नीति, योजना, बजेट तथा कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्नुपर्नेछ।

(ख) बालबालिकाको अधिकार संरक्षण तथा प्रवर्द्धनका लागि आवश्यक नीति, कानून, योजना तथा कार्यक्रम तर्जुमा गर्नुपर्नेछ।

(ग) बाल संरक्षण नीति तथा आवश्यक बाल संरक्षण संयन्त्र निर्माण गरी कार्यान्वयन गर्नुपर्नेछ।

(घ) बालबालिकालाई सूर्तिजन्य, मदिराजन्य, लागूपदार्थ तथा अन्य हानिकारक सामग्रीबाट टाढा राख्न आवश्यक नीतिगत तथा संस्थागत व्यवस्था गर्नुपर्नेछ।

(ङ) विद्यालय उमेरका सबै बालबालिकालाई विद्यालयको पहुँचमा ल्याउन तथा विद्यालय बाहिर रहेका बालबालिकाको पुनःभर्ना सुनिश्चित गर्न आवश्यक कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

(च) विद्यालयमा जान नसक्ने वा विशेष अवस्थाका बालबालिकाका लागि जीवनोपयोगी तथा व्यावसायिक सीप र वैकल्पिक सिकाइका अवसरमा पहुँच सुनिश्चित गर्नुपर्नेछ।

(छ) बाल क्लब तथा बाल सञ्जालको गठन, क्षमता विकास, परिचालन तथा सञ्जालीकरणमा सहयोग गर्नुपर्नेछ।

(ज) बालबालिकाको विचार, भावना तथा सुझावको सम्मान गर्दै नीति, योजना तथा कार्यक्रम निर्माणमा अर्थपूर्ण बाल सहभागिता सुनिश्चित गर्नुपर्नेछ।

(झ) बालबालिकाका लागि बजेट तर्जुमा गर्दा तथा बालबालिकासँग प्रत्यक्ष सरोकार राख्ने योजना निर्माण, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनमा बाल सहभागिता सुनिश्चित गर्नुपर्नेछ।

(ञ) बाल स्वास्थ्य, पोषण, खोप, सुरक्षित मातृत्व तथा सरसफाइसम्बन्धी कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्नुपर्नेछ।

(ट) बालश्रम निषेधसम्बन्धी प्रचलित कानूनको प्रभावकारी कार्यान्वयन गर्नुपर्नेछ ।

(ठ) बालबालिकालाई जात, धर्म, भाषा, लिङ्ग, वर्ग, अपाङ्गता, पेशा वा अन्य कुनै आधारमा विभेद गर्न नहुने व्यवस्था गर्नुपर्नेछ ।

(ड) बालविवाह रोकथाम तथा नियन्त्रणका लागि आवश्यक कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

(ढ) जन्मदर्तालाई शतप्रतिशत बनाउने तथा व्यक्तिगत घटना दर्ताको निरन्तरता सुनिश्चित गर्नुपर्नेछ ।

(ण) बालमैत्री सरसफाइ, स्वच्छता तथा सुरक्षित खानेपानीसम्बन्धी कार्यक्रम प्रभावकारी बनाउनुपर्नेछ ।

(त) बालबालिकासँग सम्बन्धित सार्वजनिक पूर्वाधारलाई बालमैत्री, अपाङ्गतामैत्री, लैङ्गिकमैत्री तथा सुरक्षित बनाउनुपर्नेछ ।

(थ) नगर क्षेत्रभित्र निर्माण हुने बाटो, खेलमैदान, पार्क, सार्वजनिक धारा, सामुदायिक भवन, शौचालय तथा अन्य सार्वजनिक संरचना बालबालिकाको सुरक्षा, पहुँच तथा उपयोगलाई ध्यानमा राखी निर्माण तथा व्यवस्थापन गर्नुपर्नेछ ।

(द) बालमैत्री सेवा प्रवाह, सूचना तथा गुनासो सुनुवाइको व्यवस्था सुदृढ गर्नुपर्नेछ ।

(ध) बालबालिकासम्बन्धी तथ्याङ्क तथा अभिलेख व्यवस्थित र अद्यावधिक राख्नुपर्नेछ ।

(न) बालमैत्री स्थानीय शासनको नियमित अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणाली कायम गर्नुपर्नेछ ।

## परिच्छेद–१५

## संस्थागत व्यवस्था, कार्यान्वयन तथा अनुगमन

**१८. बालमैत्री स्थानीय शासन समन्वय तथा सहजीकरण**

(१) नगरपालिकामा बालमैत्री स्थानीय शासनसम्बन्धी कार्यको समन्वय, सहजीकरण तथा अनुगमनका लागि प्रचलित कानून तथा नगरपालिकाको निर्णयबमोजिम आवश्यक समिति वा संयन्त्र रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समिति वा संयन्त्रले बालमैत्री स्थानीय शासनसम्बन्धी नीति, योजना, कार्यक्रम, सूचक, आचारसंहिता तथा अन्य व्यवस्थाको कार्यान्वयनमा आवश्यक समन्वय गर्नुपर्नेछ ।

## १९. शाखा तथा वडा कार्यालयको जिम्मेवारी

(१) नगरपालिकाका सम्बन्धित शाखाले आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित बालमैत्री कार्यक्रम तथा सूचक कार्यान्वयन गर्नुपर्नेछ ।

(२) वडा कार्यालयले वडास्तरमा बालमैत्री स्थानीय शासनसम्बन्धी कार्यक्रम सञ्चालन, समन्वय, अभिलेख तथा प्रतिवेदनको व्यवस्था गर्नुपर्नेछ ।

## २०. अनुगमन तथा मूल्याङ्कन

(१) यस आचारसंहिताको कार्यान्वयनको नियमित अनुगमन तथा मूल्याङ्कन नगरपालिकाले गर्नुपर्नेछ । आवश्यकता अनुसार वडा कार्यालयबाट समेत अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कार्य हुनेछ ।

(२) अनुगमनका क्रममा देखिएका कमीकमजोरी सुधार गर्न सम्बन्धित निकायलाई आवश्यक सुझाव तथा निर्देशन दिन सकिनेछ ।

(३) बालबालिकासँग प्रत्यक्ष सम्बन्धित विषयको अनुगमन तथा मूल्याङ्कन गर्दा सम्भव भएसम्म बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नुपर्नेछ ।

## २१. अभिलेख तथा प्रतिवेदन

(१) यस आचारसंहिताको कार्यान्वयनसँग सम्बन्धित गतिविधि, उपलब्धि, समस्या तथा सुधारका विषयको अभिलेख सम्बन्धित निकायले राख्नुपर्नेछ ।

(२) वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्था तथा अन्य सम्बन्धित निकायले तोकिएबमोजिमको विवरण नगरपालिकामा उपलब्ध गराउनुपर्नेछ ।

(३) नगरपालिकाले प्राप्त विवरणका आधारमा वार्षिक प्रतिवेदन तयार गर्नुपर्नेछ ।

## २२. गुनासो तथा उजुरी

(१) यस आचारसंहिताको कार्यान्वयनसँग सम्बन्धित गुनासो वा उजुरी सम्बन्धित वडा कार्यालय, नगरपालिका वा प्रचलित कानूनबमोजिम अधिकारप्राप्त निकायमा दिन सकिनेछ ।

(२) बालबालिकासँग सम्बन्धित उजुरीको सुनुवाइ गर्दा बालमैत्री, गोपनीय तथा पीडितको सर्वोत्तम हितलाई प्राथमिकता दिने प्रक्रिया अवलम्बन गर्नुपर्नेछ ।

(३) उजुरी तथा गुनासोको सम्बन्धमा आवश्यकतानुसार सम्बन्धित निकायसँग समन्वय गर्नुपर्नेछ ।

**२३. आचारसंहिता उल्लङ्घनसम्बन्धी व्यवस्था**

(१) यस आचारसंहितामा उल्लिखित कुनै व्यवस्था उल्लङ्घन भएको पाइएमा सम्बन्धित निकायले आवश्यक सुधार तथा सचेत गराउने कार्य गर्न सक्नेछ ।

(२) उल्लङ्घनको प्रकृति प्रचलित कानूनबमोजिम कारबाही हुने विषय भएमा सम्बन्धित निकायमा लेखी पठाउनुपर्नेछ ।

(३) यस आचारसंहिताले प्रचलित कानूनबमोजिम हुने कानूनी कारबाहीमा कुनै बाधा पुऱ्याएको मानिने छैन ।

**२४. प्रचलित कानूनबमोजिम हुने**

यस आचारसंहितामा उल्लिखित कुनै विषय प्रचलित संघीय, प्रदेश वा स्थानीय कानूनसँग बाझिएमा बाझिएको हदसम्म प्रचलित कानूनबमोजिम हुनेछ ।

**२५. निर्देशन दिन सक्ने**

नगर कार्यपालिकाले यस आचारसंहिताको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक निर्देशन, मापदण्ड वा कार्यविधि बनाउन तथा सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

**२६. बाधा अड्काउ फुकाउने**

यस आचारसंहिताको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा नगर कार्यपालिकाले प्रचलित कानूनको अधीनमा रही आवश्यक निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ ।

**२७. संशोधन तथा परिमार्जन**

नगर कार्यपालिकाले आवश्यकता र अनुभवका आधारमा प्रचलित कानूनको अधीनमा रही यस आचारसंहिताको कुनै दफा, उपदफा वा अनुसूची संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

**२८. खारेजी र बचाउ**

(१) यस आचारसंहिताको विषयसँग सम्बन्धित यसअघि नगरपालिकाबाट जारी भएको कुनै निर्णय, निर्देशिका वा आचारसंहितामा यससँग बाझिने व्यवस्था भएमा बाझिएको हदसम्म यस आचारसंहिताको व्यवस्था लागू हुनेछ ।

(२) यस आचारसंहिता लागू हुनुअघि प्रचलित कानूनबमोजिम भए गरेका कार्य यसै आचारसंहिताबमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची–१

## बालमैत्री स्थानीय शासनका लागि सरोकारवालाले पालना गर्नुपर्ने आचारसंहिताको प्रतिबद्धता पत्र

म/हामी यस आचारसंहितामा उल्लिखित बालअधिकार, बाल संरक्षण, बाल सहभागिता, शिक्षा, स्वास्थ्य, पोषण, सुरक्षा तथा विकाससम्बन्धी व्यवस्था पालना गर्दै बालमैत्री परिवार, विद्यालय, समुदाय तथा स्थानीय शासन निर्माणमा आफ्नो क्षेत्रबाट आवश्यक योगदान गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/गर्दछौँ।

बालबालिकामाथि हुने हिंसा, दुर्व्यवहार, शोषण, बालश्रम, बालविवाह तथा भेदभावको अन्त्यका लागि आवश्यक सहयोग गर्ने तथा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिने प्रतिबद्धता व्यक्त गर्दछु/गर्दछौँ।

नामः ................................................

पद/संस्थाः ...........................................

वडा नं.: ..............................................

हस्ताक्षरः ............................................

मितिः ..................................................

**आज्ञाले,**

**प्रमुख प्रशासकीय अधिकृत**

**धर्मराज लम्साल**